स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

## सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०७९/१०/१६**

यस गाउँपालिकामा आवश्यक तपसिल बमोजिमका पदहरुको सेवा करारमा पदपुर्तिका लागि तपसिल बमोजिम योग्यता पुगेका १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ईच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका कागजात र राजश्व बुझाएको रसिद सहित दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ११-०७९/८० | ईन्जिनियर (छैठौं) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको र भवन निर्माणमा १ वर्षको अनुभव भएको । | १०००/- |
| २ | १२-०७९/८० | सव-ईन्जिनियर (पाँचौ) | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण । | ४००/- |
| ३ | १३-०७९/८० | अ.न.मी.(चौथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । | ३००/- |
| ४ | १४-०७९/८० | ल्याव टेक्निसियन(पाँचौ) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्यावमा प्रमाण पत्र तह/कोर्ष उतीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । | ४००/- |

**१. संलग्न गर्नु पर्ने कागजातहरुः**

(क) व्यहोरा खुलेको निवेदन

(ख) व्यक्तिगत विवरण (Curriculum Vitae)

(ग) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(घ) नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(ङ) कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि

**२. दस्तुर बुझाउने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखा वा (यस गाउँपालिकाको मेगा बैंक नेपाल लिमिटेडमा रहेको संचित कोषको खाता नं. **17001400000079** मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ ।)

**३. दरखास्त पाइने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट ***https://helambumun.gov.np/sample-forms*** वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ।

**४. दरखास्त दिने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा वा ***helamburm@gmail.com*** मा पनि पठाउन सकिने छ।

**५. दरखास्त दिने अन्तिम मितिः** -२०७९/११/०१ गते कार्यालय समयभित्र ।(दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन ।)

**६. छनौटको तरिकाः**

प्रारम्भिक योग्यताक्रमको सुचिबाट छनौट भएका उम्मेद्वारहरुको लिखित र अन्तरवार्ता लिइ अन्तिम योग्यताक्रमको सूचि प्रकाशन गरिने छ।

थप जानकारीका लागि सम्पर्क नं.:९८४९१९५५६१

उदयराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत